## समुदायमा आधारित कार्यक्रम

### युवा प्रशिक्षार्थीहरू र उच्च जोखिममा परेका युवाका लागि आवासीय सेवाहरू

**सेवाका विवरण**

युवा पहुँचले समाज कल्याण विभागको आर्थिक सहायता अन्तर्गत युवा प्रशिक्षार्थीहरू र उच्च जोखिममा परेका युवा (सेवा) को लागि ट्रान्जिस्नल हाउजिङ सञ्चालन गर्छ। यो परीक्षणकाल अधिकारी र सामाजिक कार्यकर्ताहरूद्वारा क्रमश: निर्दिष्ट गरिएका युवा प्रशिक्षार्थीहरू र उच्च जोखिममा परेका युवाको लागि बढिमा 12 महिना स्थायी नरहने होस्टेल सुविधा र सहायता प्रशिक्षण कार्यक्रमहरू उपलब्ध गराउने आवासीय सेवा हो। संरचित वातावरण र उचित रूपमा निर्माण गरिएका कार्यक्रममार्फत, सेवा प्रशिक्षार्थीहरू र उच्च जोखिममा परेका युवालाई आत्म-नियन्त्रण र स्वतन्त्र जीवनयापन सम्बन्धी सीपहरूको अधिक डिग्री विकास गर्न मद्दत गर्नमा लक्षित छ जसकारण तिनीहरू जिम्मेवार नागरिकहरूको रूपमा समुदायमा फर्कन सक्छन्।

**लक्षित समूहहरू**

1. परीक्षणकाल अधिकारीद्वारा निर्दिष्ट गरिएका 15 देखी 21 उमेर सम्मका (भर्नामा 21 भित्र) दुवै लिङ्गहरूका युवा प्रशिक्षार्थीहरू।
2. सामाजिक कार्यकर्ताहरूद्वारा निर्दिष्ट गरिए अनुसार व्यवहारात्मक र/वा भावनात्मक समस्या र उजागर दीर्घकालीन रोजगारी सम्बन्धी कठिनाई, पारिवारिक सम्बन्धहरूमा समस्याहरू र/वा अनुचित साथी मित्रताहरूका साथमा कार्यरत/ बेरोजगार/ रोजगारमा रहेका 15 देखी 21 उमेर सम्मका दुवै लिङ्गका उच्च जोखिममा परेका युवा।

**क्षमता**

प्रशिक्षार्थीहरूका अवस्थाहरूमा प्राथमिकता दिएर कुनै पनि एक समयमा स्थानको अधिकतम संख्या पुरूषको लागि 50 (प्रशिक्षार्थीहरूका लागि 15 र उच्च जोखिममा रहेका युवाका लागि 35 सहित) र महिलाको लागि 20 (प्रशिक्षार्थीहरूका लागि 10 र उच्च जोखिममा रहेका युवाका लागि10सहित) उपलब्ध गराइन्छ।

**ठेगाना र सम्पर्क नम्बरहरू**

**युवा प्रशिक्षार्थीहरू र उच्च जोखिममा परेका युवाका लागि ट्रान्जिस्नल हाउजिङ -**

| | **पुरूष खण्ड** | **महिला खण्ड** |
|---|---|---|
| ठेगाना | 7/F,<br>Youth Outreach Jockey Club Building, 2 Holy Cross Path, Sai Wan Ho, Hong Kong | Flat B, 11/F,<br>Youth Outreach Jockey Club Building, 2 Holy Cross Path, Sai Wan Ho, Hong Kong |
| टेलिफोन | 2384 3004 | 2965 9247 |
| फ्याक्स | 2804 8626 | 2804 8632 |